सम्पूर्ण सदस्यहरुलाई रामयुग मल्ल प्रतिष्ठानको **बंशावलि तथा प्रविधि समितिको** तर्फवाट सुचित गर्न चाहान्छु की, समितिले जिम्मा लिएको बंशावलिको सफ्टवयर निर्माण र पहिले प्रकाशित भइसकेको कागजी बंशावलिको डाटा ईन्ट्री गर्ने कार्य तथा हाम्रो रितिथिति तथा संस्कारहरुको मस्यौदा प्रति लेखन कार्य पुरा भई गत कार्तिक २७ गते शनिवार बसेको कार्यसमितिको वैठकमा प्रस्तुत गरि सकिएको छ। वैठकमा वेवसाईटमा राखिएका लेख सामग्रीहरु र बंशावलि सफ्टवयर भित्र राखिएका डाटाहरु वारे समितिलाई सचित्र जानकारी गराइएको थियो । यो वेवसाईट पब्लिस पनि भइसकेको छ र यस वेवसाइटको ठेगानाको पटकपटक जानकारी पनि गराउदै आएको छ। वेवसाईट भित्रका लेखहरु परिमार्जित हुन वाकी रहेको जानकारी पनि गराइनै आइरहेको छु। साईटलाई खालि राख्न उचित नहुने हुनाले यसो गरिएको हो। सन्तान भित्रका आफ्ना उल्लेखनिय तथा विषेस पुर्खाहरुको वारेमा महत्वपूण जानकारीहरु छन भने उनिहरुको विषयमा लेखहरु पनि मैले सम्बन्धित सन्तानहरुलाई आव्हान गरिनै रहेको छु। प्रत्येक सन्तानको आआफ्नो अलग अलग विवरण त्यसै पनि राख्नको लागी पनि भनिनै रहेको छु। सन्तानका केही भद्रहरुलाई पनि अनुरोध गरेकै छु। सवैको सहयोगवाट मात्र यो निर्माण अभियान पुरा हुन सक्ने हुंदा ति सामग्रीहरु यथाशिघ्र छिट्टो भन्दा छिट्टो आवस भन्ने चाहना राखेको छु। पछी निर्माण भइसकेपछी टिका टिम्पणी र वहस गर्नु भन्दा अहिलेनै ति कुराहरु हुदैं गयो भने कार्यसमयमानै सकिने र सहज हुने छ। हामी वहस मात्र गरिरहनु भन्दा पनि विगतमा निर्णय भएका कार्यहरु सम्पादन गर्दै जानु उचित हुन्छ की भन्ने लाग्दछ । यसमा सवैको सहयोगको अपेक्षा गर्दछु।

वेव साइटमा भएका विवरणहरु निम्न छन:

१. About Us अन्तर्गत, संस्थाको परिचय, कार्यसमिति, समितिहरु, अध्यक्षको भनाई, सदस्यहरुको नामाबलि, सदस्यहरुको लिष्ट आदि ।

२. Activities अन्तर्गत हालको कृयाकलापहरु, गएको दिनको कृयाकलापहरु रपछी गरिने कृयाकलापहरु छन्।

३. Gallery अन्तगत फोटोहरु र भिडियोहरु छन ।

४. Notice Board अन्तर्गत सूचनाहरु रहने छन्।

५. Our Rituals अन्तर्गत हाम्रा रितिथिति र संस्कारहरु वारे मस्यौदा रहेका छन

६. Telephone Directory अन्तर्गत सदस्यहरुको टेलिफोन नम्बरहरु रहेका छन जुन सर्च बक्समा नाम टाइप गरेर नम्बर पल्याउन सकिनेछ।

७. Contact Us मा संस्थालाई कुनै पनि विषयमा फिडब्याक दिन र सोध्न सकिनेछ। सम्पर्क नम्बरहरु पनि दिइएको छ।

८. Genealogy वटन बंशावलिको सफ्टवयर भित्र छिर्ने मूल ढोका हो। यसलाई क्लीक गरिसके पछी बंशावलिको पेज भित्र पुग्दछौं। मूल

मूल पुरुष राजविर मल्ल रहेकोले उहाँको नाम मुनी + चिन्ह रहेको छ त्यसैलाई थिच्दै गएपछी आफ्ना वाजे का नामहरु देखिन्छन र सोही अनुसार खोज्दै गए पछी विभिन्न सन्तानका हांगाहरु देखिदै जान्छन्। कतिपयको तस्विर राखीएको छ भने कतिपयको छैन। उपलब्ध भए अनुसारको राखिएको छ। यसैगरी तस्वीरमा थिच्दा कतिपयको ब्यक्तिगत विवरणहरु पनि आउँछन। यो पनि उपलब्ध भए अनुसार राखिएको हो। सवैको राख्न मिल्छ, तर मलाई प्राप्त हुनु पर्‍यो। कुनै सदस्यको डाइरेक्ट जानकारी चाहियो भने माथी देव्रे साइडमा सर्च भित्र नाम टाइप गरी सर्च गरे उसको विवरण आइहाल्छ। यदि बंशानुगत पारिवारिक ट्री हेर्न परे आफ्नो मूल वाजेको + चिन्ह थिच्दै वावुहरुको नाम पच्छयाउदै गएमा आफु र आफु मुनिका सवैको विवरण हेर्दै जान सकिन्छ। यदि नयाँ सदस्यको कुनै थपघट गर्नु छ या विवरण पठाउनु छ भने मलाई मेरो इमेल vishwamalla1@gmail.com मा attach गरी पठाइदिंदा हुन्छ म अध्यावधिक गर्दै जानेछु। मूल कुरा म के अनुरोध गर्दछु भने यो डिजिटल बंशावलि हो कुनै पनि वेला यसलाई अध्यावधिक गर्न सकिन्छ तर अध्यावधिक गर्नको लागी सूचना चाहिन्छ। अहिलेको वंशावलि हाम्रो प्रिन्टेड भर्सनको कपी हो र २०७२ साल सम्मको विवरणहरु मात्र छन्। त्यस पछी कती छोरा छोरी जन्मे, कती दिवंगत भए अनि कती छोरी विहे भए कति बुहारीहरु भित्रिए त्यसको विवरण पटक पटक कोशीस गर्दा पनि पाउन सकिएको छैन। रेशम दाईले नेपाल आउनु भए पछी कलेक्ट गरेर मलाई दिन्छु त भन्नु भएको छ। वहाँ यही डिसेम्बरमा आउने कुरा पक्का छ भन्नु भएको छ। म पनि यहि डिसेम्बरको पहिलो हप्ता सिडनी जादैं छु तर बंशावलिको काम रोकिने छैन, मैले विवरणहरु पाउने वित्तिकै म जहाँ भए पनि अध्यावधिक गर्ने छु। साथै बंशावलि भित्र भएका कतिपय नामहरुको स्पेलिङ्ग गल्ति भएका छन सो म मेरो सिडनी वसाईमा सच्याउने छु। मलाई मात्र विवरण आउन पर्‍यो। ***मैले बंशावलिलाई ठूलो महत्व यसकारण दिएको छु की यो हाम्रो खलकको एउटा ऐतिहासिक दस्तावेज वन्न गइरहेको छ। हामी यति विसाल सन्तान भित्रको हरेकको आफ्नै पारिवारिक तथा ब्यक्तिगत विवरण तस्विर सहित हुनेछ। जो कोहीले पनि जो कोहीको वारेमा जान्न सकिनेछ। यस्तो विवरण कमै जातीको मात्र देखेको छु। हाम्रा सन्तानहरु को को कस्तो कस्तो पेशामा छन् कति पढेका छन इत्यादि पूर्ण विवरण त्यसमा रहने छ। कृपया यसलाई हलुका संग नलिई हामी मरे पनि बंशावलिमा जिउँदो रहिरहने यो दस्तावेज पछिल्ला पिढींहरुलाई कति उपयोगी हुनेछ, यो त त्यतिखेर नै थाहा होला। हामीले यसरी बुझौं। हामी रहदैमा, हाम्रा विवरणहरु राखौं भन्ने मेरो जिद्‌दी हो।***

***विश्व मल्ल***
***वरिष्ठ उपाध्यक्ष***
***संयोजक***
***बंशावलि तथा प्रविधि समिति***